# गौर नगरपालिका कार्यालय

## OFFICE OF THE GAUR MUNICIPALITY

रौतहट, गौर

Rautahat, Gaur

### यस कार्यालयको लागि आवश्यक तपसिल बमोजिमका सामानहरु आपूर्ति सम्बन्धी दररेट पेश गर्ने सूचना

प्रथम पटक प्रकाशित मिति २०७३/१०/२४ गते

यस नगरपालिका कार्यालयकलाई आवश्यक पर्ने तपसिल बमोजिमको समानहरु आपूर्ति गर्नको लागि यो सूचना प्रकाशित भएको मितिले १५ (पन्द्र) दिन भित्र टिकट वापत रु १०/- को नोट नगदै संलग्न राखी छुट्टाछुट्टै शिलबन्दी दररेट पेश गर्नु हुन सम्बन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । रितपूर्वक प्राप्त हुन नआएको तथा म्याद नाघी प्राप्त हुन आएको दरभाउ पत्र उपर कुनै कार्यवाही हुने छैन । दरभाउ पत्र पेश गर्दा तपसिलको दरभाउ पत्र नम्बर तथा शिर्षक खाम बाहिर प्रष्ट रुपमा अनिवार्य उल्लेख गर्नु पर्नेछ ।

**तपसिल**

| दरभाउ पत्र नं. | विवरण |
|---|---|
| १/०७३/०७४ | सडक वत्ती सम्वन्धि सामाग्री |
| २/०७३/०७४ | कार्यालय प्रयोजनको मसलन्द सामान |
| ३/०७३/०७४ | कार्यालय प्रयोजनका छपाई सम्बन्धी सामान |
| ४/०७३/०७४ | कार्यालय प्रयोजनको मेशनरी औजार |

१. दरभाउ पत्र खरीद गर्ने अन्तिम मिति २०७३/११/०९ गते कार्यालय समय भित्र ।

२. दरभाउ पत्र दाखिला गर्ने अन्तिम मिति २०७३/११/१० गते दिनको १२:०० बजे भित्र ।

३. दरभाउ पत्र खोलिने मिति २०७३/११/१० गते दिनको २:०० बजे, सो दिन सार्वजनिक विदा परेमा सोही दिनको भोली पल्ट हुनेछ ।

४. दरभाउ पत्र खरीद तथा दाखिला गर्ने स्थान गौर नगरपालिका कार्यालय, रौतहट ।

५. दरभाउ पत्र दस्तुर वापत रु ३००/- (पछि फिर्ता नहुने गरी) राष्ट्रिय वाणिज्य बैंक, शाखा गौरमा रहेको यस कार्यालयको खाता नं. १२१०३०४०३४३०२ मा जम्मा गरेको सक्कल बैंक भौचर पेश गर्नु पर्नेछ ।

६. शिलबन्दी दरभाउ पत्रको साथ व्यवसाय दर्ता गरेको प्रमाण पत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र तथा आ.व. ०७२/०७३ को कर चुक्ताको प्रमाण पत्रको प्रतिलिपी समावेश गर्नु पर्नेछ ।

७. नगरपालिकाको कुनै पनि प्रकारको बाँकी वक्यौता रहेको फर्म, कन्सट्रक्सन, सप्लायर्स र प्रोपराईटरहरुलाई दरभाउपत्र फाराम विक्री गरिने छैन ।

८. दरभाउ पत्र दरभाउ पत्र दाता वा निजको अधिकृत प्रतिनिधिको रोहबरमा खोलिने छ । निज अनुपस्थित भएमा पनि दरभाउ पत्र खोल्न कुनै बाधा पर्ने छैन ।

९. दरभाउ पत्र दाताले प्रत्येक दरभाउ पत्रको रु २५,०००/- (पच्चिस हजार मात्र) जमानत रकम धरौटी वापत यस कार्यालयको नाममा रहेको राष्ट्रिय वाणिज्य बैक, शाखा गौर स्थित धरौटी हिसाव नं. १२१०३०३००३३०१ मा जम्मा गरेको सक्कल बैंक भौचर वा "क" श्रेणीको वाणिज्य बैक बाट यस कार्यालयको नाममा ७५ दिनको मान्य अवधि रहने गरी जारी भएको बैक जमानत पेश गर्नु पर्ने छ ।

१०. कुनै कारण जनाई वा नजनाई पूरै वा आंशिक रुपमा दरभाउ पत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा निहित रहने छ ।

११. यस सम्बन्धी कारोबार गर्दा लाग्ने सम्पूर्ण करहरु दरभाउ पत्र दाताले नै व्यर्होनु पर्ने छ ।

१२. कर चुक्ता प्रमाण पत्र पेश गरेपछि मात्र धरौटी रकम फिर्ता दिईनेछ ।

१३. आपूर्ति गरिने सामानहरुको गुणस्तर उच्चकोटीको हुनु पर्नेछ । कम गुणस्तरको सामान आपूर्ति गरिएमा उक्त सामान जफत गरी आवश्यक कानुनी कार्यवाही अवलम्वन गरिनेछ ।

१४. यस सम्बन्धी अन्य आवश्यक कुराहरु बुझ्न चाहेमा कार्यालय समय भित्र कार्यालयको आर्थिक प्रशासन शाखा / खरिद ईकाई वा टेलीफोन नं. ०५५-५२०८९४ मा सम्पर्क राख्न सकिनेछ ।

१५. माथि उल्लेख नभएका अन्य कुराहरु प्रचलित ऐन कानुन अनुसार हुनेछ ।

सन्तोष कुमार मिश्र
कार्यकारी अधिकृत